# आय आर्जनको लागि पूँजीको दिगो , चक्रिय र व्यवस्थित परिचालन गर्न बनेको कार्यविधि २०७७
# पाँचपोखरी थाङपाल गाउँपालिका

(मिति २०७७ साल फाल्गुन १८ गते सम्पन्न कार्यपालिकाको बैठकबाट पारित)

**प्रस्तावना**

यस पाँचपोखरी थाङ्गपाल गाउँपालिकाले मूल पूँजी नै अनुदान दिने कार्यलाई निरुत्साहित गर्दै आय आर्जन र उत्पादनमा चासो र उत्साह राख्ने सवै नागरिकलाई पूँजीको दिगो , व्यवस्थित र चक्रिय परिचालनको माध्यामबाट लगानीका अवसरहरु उपलब्ध गराई उनीहरुको जीवन स्तरमा सुधार ल्याउन बान्छनीय भएकोले उत्पादन वा आय आर्जनसँग सम्वन्धित हुने गरी पालिकाले यस चालु आ.व. २०७७/०७८ मा विनियोजन गरेको वा आगामी आ.व.मा विनियोजन गर्ने सवै किसिमका रकमहरुको परिचालन गर्न मिति २०७७/११/१८ मा बसेको गाउँकार्यपालिकाको बैंठकले यो **आय आर्जनको लागि पूँजीको दिगो , चक्रिय र व्यवस्थित परिचालन गर्न बनेको कार्यविधि २०७७** लागु गरेको छ ।

## परिच्छेद १ :
## संक्षिप्त नाम , प्रारम्भ र परिभाषा :

**१. नाम र प्रारम्भः** (१) आय आर्जनको लागि पूँजीको दिगो , अविच्छिन्न र व्यवस्थित परिचालन गर्न बनेको कार्यविधि २०७७ रहने छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो ऐनमा,

२.१ पालिका भन्नाले पाँचपोखरी थाङ्गपाल गाउँपालिकालाई बुझाउने छ ।

२.२ समिति भन्नाले दफा ४ बमोजिम गठित कार्यक्रम छनौट तथा सिफारीस समितिलाई वुझाउने छ ।

२.३ सन्चालक समिति भन्नाले कार्यक्रम सन्चालनको लागि छनौट भएका सम्वन्धित वडाका सहकारी संस्थाको सन्चालक समितिलाई वुझाउने छ ।

२.४ लिखत भन्नाले यस कार्यविधि बमोजिम सहकारी संस्था मार्फत कार्यक्रम परिचालन गर्दा कार्यक्रमको लागि छनौट भएको निबेदकसँग सहकारीले गर्ने सम्झौताको कागजातलाई सम्झनु पर्दछ ।

## परिच्छेद २ :
## कार्यक्रम छनौट सम्वन्धी व्यवस्था :

३. गाउँसभाबाट विनियोजन भएको रकमबाट सन्चालन गरिने आय आर्जनसँग सम्वन्धित उत्पादन मुलक कार्यक्रहरु कुन कुन वडामा के कति रकमका कस्ता कस्ता कार्यक्रम सन्चालन गर्ने भन्ने कुराको निर्णय गाउँपालिकाले गर्नेछ र सो सम्वन्धी सूचना समेत जारी गर्नेछ ।

४. दफा ३ बमोजिमको कार्यक्रम छनौट , सिफारीस र अनुगमन समेत गर्नको लागि देहाय बमोजिमको एउटा कार्यक्रम छनौट तथा सिफारीस समिति रहने छ ।

१) गाउँपालिका अध्यक्ष , अध्यक्ष

२) प्रमुख प्रशासकीय अधिकृत , सदस्य

३) आर्थिक विकास हेर्ने समितिको संयोजक सदस्य

४) सहकारी हेर्ने समितिको संयोजक , सदस्य

५) कृषि विकास शाखा प्रमुख , सदस्य

६) पशु विकास शाखा प्रमुख , सदस्य

७) प्राविधिक शाखाको प्रमुख , सदस्य

८ ) योजनाशखा प्रमुख , सदस्य

९) छनौट भएका सम्वन्धित वडाका सहकारीका अध्यक्ष वा अध्यक्षले तोकेको अन्य पदाधिकारी एक एक जना सदस्य ,

८) आर्थिक कल्याण तथा सामाजिक विकास महाशाखा / शाखा प्रमुख , सदस्य सचिव

५. दफा ४ बमोजिम गठित समितिले कार्यक्रमहरु देहाय बमोजिम वर्गीकरण गर्न सक्ने छ ।

**१) कल्याणकारी कार्यक्रम :**
कुनै पनि वर्ग , समूदाय वा पक्ष अन्तर्गत विविध कारणले पछि परेका र आफ्नै हैसियतमा मात्र अघि वढ्न असमर्थ व्यक्तिहरुको हित , बिकास र मूलप्रवाहीकरणको लागि विशेष रुपमा नै प्राथामिकता दिएर सहयोग गर्नु पर्ने अवस्थामा समितिले सो को कारण समेत खुलाई आवश्यक प्रक्रिया पुरा गरी आय आर्जनको लागि लाग्ने कूल लागतको साठी प्रतिशत बराबर कार्य गराई व्यावसाय दर्ता गर्न लगाएर समितिको निर्णय बमोजिमको रकम पूँजी अनुदान दिन सकिनेछ ।

**२) विषेश प्राथामिकतापूर्ण कार्यक्रम :**
समितिले कुनै कार्यलाई विशेष प्राथामिकता नदिदा त्यस्तो कार्य अधि वढ्न सक्तैन भन्ने ठहर गरेमा त्यस्तो कार्यको लागि पनि माथि ५(१) को प्रक्रिया बमोजिमको सहयोगको गर्ने निर्णय र सिफारीस गर्न सक्नेछ ।

**३) चक्रिय पूजी परिचालन सम्वन्धि कार्यक्रमहरु :**

समितिले मूल पूँजीको चक्रिय परिचालन अन्तर्गत पूजी कहिल्यै पनि घट्न नमिल्ने गरी निर्व्याजी ऋण प्रवाह गर्ने गरी आवश्यक कार्यक्रमको छनौट एवं सिफारीस गर्न सक्नेछ । तर यस्तो कार्यको लागि पनि व्यावशाय दर्ता अनिबार्य गरेको हुनु पर्ने र सामुहिक व्यावसायलाई विशेष प्राथामिकता दिईनेछ ।

६) माथि दफा ५ को उप दफा ३ बमोजिमको कार्यक्रमहरु छनौटको लागि समितिले निर्णय बमोजिम सार्वजनिक सूचना मार्फत व्यावशायीहरुको दर्खास्त आह्वान गरिनेछ । यसरी आह्वान गरिएको दर्खास्तमा देहाय बमोजिमका कुराहरु समाबेश गर्नु पर्नेछ ।

१) व्यावशाय दर्ता प्रमाण पत्र

२) व्यावसायीको नाममा भएको जग्गा धनी प्रमाण पूर्जाको फोटोकपी ( आफ्नै नाममा नभए एकाघरको परिवारका सदस्यको जग्गा धनी प्रमाण पूर्जा र निजले दर्खास्तवालालाई उक्त जग्गा यस कार्यविधि बमोजिम ऋण लिने प्रयोजनको लागि प्रयोग गर्न दिने गरि वडाबाट प्रमाणित गरि दिएको मन्जुरीनामा )

३) गर्न लागेको व्यावशायको विस्तृत लागत विवरण सहितको व्याशायिक योजना

४) वडा कार्यालयको सिफारीस

५) आफूले गर्दै गरेको व्यावशायीक कार्यको अवस्था देखिने रंगिन फोटो

६) ऋणको लागि दिएको निबेदन

७) निबेदकको २ प्रति फोटो

८) वडामा छनौट भएको सहकारी संस्थाको शेयर सदस्यता लिएको प्रमाण पत्र

## परिच्छेद : ३
## सहकारी छनौटका आधारहरु :

७) यस कार्यविधि बमोजिम कार्यक्रम सन्चालनको लागि छनौट भएका दर्खास्तवालाहरुलाई कार्यक्रम सन्चालनको लागि आवश्यक पर्ने रकम उपलब्ध गराउन प्रत्येक वडामा एउटा सहकारी छनौट गरिने छ । यसरी छनौट गर्दा अन्य कुराहरुको अतिरिक्त मुख्य गरी निम्न कुराहरुको आधारमा छनौट गर्नु पर्नेछ ।

१) कार्यालय नियमित रुपमा सन्चालनमा रहेको हुनु पर्ने

२) आर्थिक कारोबार बैकिङ प्रणालीबाट गरेको हुनु पर्ने

३) नाफा कमाउन सफलता हासिल गरेको हुनुपर्ने

४) संस्थाको बिनियम बमोजिमका अन्य गतिविधिहरु नियमिति रुपमा गरेको हुनु पर्ने ( जस्तै सन्चालक समिति तथा अन्य उप समितिहरुको बैठक नियमित बस्ने गरेको , सादारण सभा नियमित हुने गरेको , लेखा परीक्षण समयमा नै हुने गरेको , कर चुक्ता गरेको आदि )

८) दफा ७ बमोजिम उल्लेखित आधारहरु मध्ये कुनै आधारहरु पूरा नभएको अवस्थामा समितिले त्यस्तो सहकारी सँग प्रतिबद्धता पत्रमा हस्ताक्षर गराई छनौट गरी काम लगाउन सक्नेछ तर दफा ७ को उप दफा १ र ४ बमोजिमको अवस्थामा नभएको सहकारीलाई भने छनौट गर्न सकिने छैन ।

९) सहकारी छनौटको लागि निम्न बमोजिमको एक समिति रहनेछ ।

१) गाउँपालिका अध्यक्ष , अध्यक्ष
२) प्रमुख प्रशासकीय अधिकृत , सदस्य
३) सहकारी विभाग हेर्ने समितिको संयोजक , सदस्य
४) आर्थिक विकास हेर्ने समितिको संयोजक , सदस्य
५) सामाजिक कल्याण तथा आर्थिक विकास महाशाखा / शाखा प्रमुख , सदस्य सचिव

## परिच्छेद ४
## पूँजी परिचानल तथा कार्यक्रम सन्चालन सम्वन्धी व्यवस्था

१०) समितिले कार्यक्रम छनौट गरी उद्यमीको नाम र निजले पाउने रकम समेत एकिन गरे पछि उद्यमी भएको वडामा छनौटमा परेको सहकारी मार्फत त्यस्तो पुँजी परिचालन हुनेछ । यसरी सम्वन्धित सहकारी संस्थामा नाम र रकमको लिखित जानकारी पालिकाबाट प्राप्त भए पछि दफा ५ को उपदफा ३ बमोजिमको कार्यक्रमको लागि सहकारीले ऋण लगानी गर्दा अवलम्वन गर्ने सम्पूर्ण प्रक्रिया पूरा गराई सो रकम वरावरको ऋण उक्र उद्यमीलाई उपलब्ध गराउनु पर्ने छ । यसरी ऋण प्रवाह गर्दा कुनै पनि शुल्क वा व्याज लिन वा उठाउन पाइने छैन । यसरी ऋण प्रवाह गरी सो को काम पनि सम्पन्न भए पछि सो को सवै सक्कल कागजात र विल भर्पाइहरु लिखत सहकारीले पालिकामा बुझाउनु पर्ने छ । यसरी फाईल बुझाए पछि सो बापतको रकम पनि माग गर्नु पर्ने छ । सहकारीले आफूलाई आवश्यक पर्ने कागजातको थप प्रति तयार पारी अन्यको प्रमाणित प्रति सहितको फाईल राख्नु पर्नेछ । पालिकाले पनि यसरी सहकारी संस्थाबाट फाइल सहित माग भई आएको रकमको निकास सिधै सहकारी संस्थाको खातामा पठाउनु पर्नेछ । सहकारी संस्थाले पेश गर्ने फाईलमा सम्वन्धित उद्यमीले रकम वुझेको प्रमाण अनिबार्य रुपमा संलग्न गर्नु पर्ने छ ।

११. दफा ५ को उप दफा १ र २ बमोजिम छनौटमा परेको कार्यक्रमको लागि सहकारी संस्थाहरुले सम्वन्धित उद्यमीहरुलाई तोकिए बमोजिमको काम सम्पन्न गर्न लगाई सो बापतको रकम उपलब्ध गराउनु पर्ने छ र सो रकम वुझेको प्रमाण सहितको सक्कलै कागजातको फाईल तयार गरी पालिकामा पेश गरी रकम माग गर्नु पर्ने छ । यसरी रकम माग भए पछि सहकारी संस्थाको खातामा रकम भुक्तानी गरिनेछ ।

१२. दफा ११ बमोजिम रकम प्राप्त गर्ने उद्यमीले पछि सो रकमको दुरुपयोग गरेको पाईएमा त्यस्तो व्यक्तिलाई सहकारी संस्थाबाट , वडा कार्यालयबाट र गाउँपालिकाबाट दिईने सुविधा मध्ये व्यक्तिगत घट्ना दर्ता र आधारभूत स्वास्थ्य सेवा बाहेक अन्य सेवा , सुविधा स्थगन गरिने छ । तर पुनः सो रकमको सदुपयोग भएको पाईमा उक्त स्थगन भएका सेवा , सुविधाहरु सुचारु हुनेछन् ।

१३) दफा ५ को उप दफा ३ बमोजिम गरिने लगानी रकम कम्तीमा ५०,०००।-( पचास हजार ) र वढीमा रु. २,००,०००।- ( दुई लाख ) भन्दा वढी हुने छैन । यस्तो ऋण रकम चुक्ता गर्ने अवधि लगानीबाट प्रतिफल प्राप्त हुने समयको आधारमा वढीमा दुई वर्ष भन्दा वढी हुने छैन । यस कार्यविधि बमोजिम सन्चालन हुने कार्यक्रमको लागि सन्वन्धित सहकारीले छनौट भएको निबेदकलाई कार्य सम्पन्न गराई चालु आ.व.को ज्येष्ठ महिना को १५ गते भित्र पालिकाबाट रकम भुक्तानी लगि सक्नु पर्ने छ ।

१४)	यस कार्यविधि बमोजिम लगानी गरेको रकमको सम्वन्धित सहकारीले नियमित अनुगमन गर्नु पर्नेछ र सो सम्वन्धी बार्षिक प्रतिबेदन आर्थिक वर्ष समाप्त भएको मितिले १ महिना भित्र गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

१५)	गाउँपालिकाले पहिलो पटक जुन वर्ग , समुदाय , पक्ष वा क्षेत्रको आर्थिक विकासको लागि रकम विनियोजन गरेको हो , सो रकम निरन्तर रुपमा सोही वर्ग , समुदाय , पक्ष वा क्षेत्रमा लगानी गर्नु पर्ने छ ।

१६)	पालिकाले सिफारीस गरे बमोजिमका कार्यक्रम सन्चालन गर्न ईच्छुक एवं छनौट भएको सहकारीले यस कार्यविधिको अनुसुची १ बमोजिम गाउँपालिकासँग संझौता गर्नु पर्नेछ । तर कुनै कारणले कुनै कार्यक्रम सन्चालन गर्न ईन्कार गरेमा सो सम्वन्धी सन्चालक समितिको निर्णय सहित लिखित जानकारी पालिकालाई गराएमा समितिले निर्णय गरी अर्को वडाको सहकारी सँग सम्झौता गरी कार्यक्रम सन्चालन गर्न / गराउन सक्नेछ ।

१७)	लगानीका लागि गाउँपालिकाले प्रत्येक आ.व. मा सार्वजनिक सूचना जारी गरी आबेदकहरुको सूची तयार गरी राख्नेछ र सो सूचीको आधारमा नै लगानीको प्राथामिकता निर्धारण गर्नेछ । यसरी सूची तयार गर्नु पूर्व त्यस्तो आबेदकको मुलभुत रुपमा निम्न कुराहरु हेरिनेछ ।

१)	ऊ आफैले सम्वन्धित क्षेत्रमा गरेको वा गर्न सक्ने लगानीको अवस्था ,
२)	उसको ऋण तिर्न सक्ने क्षमता
३)	ऋण तिर्न देखाएको तत्परता
४) समयमा नै ऋण तिर्न उसले प्रस्तुत गरेको विश्वसनीय आधारहरु
५) व्यावशायको अवस्था ( साझेदारी व्यावशायलाई विशेष प्राथामिकता दिईने छ )

१८)	लगानी गरेको रकम वा ऋण फिर्ता हुने समयावधि पूरा भएपछि गाउँपालिकाले उक्त रकम सहकारी संस्थामा फिर्ता भई सकेको मान्नेछ र उक्त रकमबाट पुन : अर्को व्यक्तिलाई लगानी गर्न पालिकाले निबेदकको नाम सहकारीलाई सिफारीस गर्नेछ ।

१९)	यस कार्यविधिको दफा ५ को उप दफा ३ बमोजिमको ऋण प्रवाह गर्दा वढीमा रु. दश लाख भन्दा कम लागत वा मूल्य भएको व्यावशायको लागि मात्र गरिने छ ।

## परिच्छेद ५
## ऋण असुली सम्वन्धी व्यवस्था :

२०.	यस कार्यविधि बमोजिम सहकारी संस्था मार्फत लगानी गरिएको ऋण असुली गर्ने प्रमुख दायित्व संस्थागत रुपमा सम्वन्धित सहकारीको र व्यक्तिगत रुपमा ऋण लगानी गर्दाको अवस्थामा सहकारी संस्थाको सन्चालक समितिमा रहेका सवै पदाधिकारी तथा सदस्यहरु प्रति समान रुपमा रहनेछ ।
२१)	सम्वन्धित ऋणीले समयमा ऋण नतिरेको भनी सन्चालक समितिले निर्णय गरी स्थानीय निकायबाट प्रवाह हुने विभिन्न किसिमका सेवा सुविधा मध्ये व्यक्तिगत घट्ना दर्ता र आधारभूत

स्वास्थ्य सेवा वाहेक पालिका भित्र रहेका सवै सरकारी निकायबाट जारी हुने सेवा सुविधा ऋण चुक्ता नभए सम्मको लागि स्थगन गर्न अनुरोध भई आएमा त्यस्तो सेवा सुविधा स्थगन गरिनेछ ।

२२) यस कार्यविधि बमोजिम लगानी गर्दा सहकारीले सम्वन्धित ऋणीबाट अनिबार्य रुपमा अचल सम्पत्ति धितो जमानत लिइ सोहि बमोजिमको लिखत गर्नु पर्दछ र सो को जानकारी सम्वन्धित वडा कार्यालयलाई पनि दिनु पर्दछ । यस्तो लिखतको ढाँचा अनुसुची २ मा उल्लेख भए बमोजिम हुनेछ ।

२३) यस कार्यविधि बमोजिम लगानी गरेको ऋण समयमा नै असुल उपर गर्नको लागि सहकारीले पर्याप्त कडाई र आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

२४) ऋण असुली किस्ता किस्तामा गर्नु पर्नेछ ।

२६) यसरी लगानी गरिने व्यावशायको प्रचलित कानूनमा व्यवस्था भए बमोजिम बीमा अनिवार्य गराउनु पर्ने छ ।

२७) सहकारीले ऋणीसँग अचल सम्पति धितो लिनुको साथै शेयर सदस्यहरुको सामुहिक जमानी समेत लिन सक्नेछ ।

## परिच्छेद ६
## अनुगमन तथा सुपरीवेक्षण सम्वन्धी व्यवस्था :

२७) पालिकाले निबेदकहरुको सूचीकरण गर्नु पूर्व तथा सहकारी संस्थाहरुले लगानी गरे पछि समय समयमा तोकिए बमोजिमका कर्मचारीहरु मार्फत अनुगमन गराउन सक्नेछ ।

२८) सम्वन्धित सहकारी संस्थाहरुले आफुले लगानी गर्नु पूर्व र लगानी गरे पछि अनिवार्य र नियमित रुपमा तोकिए बमोजिम अनुगमन गर्नु गराउनु पर्नेछ । लगानी गर्नु पूर्व सहकारीले यसरी गर्ने अनुगमनबाट लगानी उठ्ने कुरामा विश्वस्त हुन नसक्ने भएमा कारण खुलाई छनौट भएको उक्त निबेदकको नाम सन्चालक समितिको निर्णय सहित पालिकामा फिर्ता पठाउन सक्नेछ । यसरी फिर्ता आएको कार्यक्रम समितिले निर्णय गरी सोही वडाको अन्य निबेदकलाई वा अन्य वडाको निबेदकको लागि सिफारीस गरी पठाउन सक्नेछ ।

## परिच्छेद ७
## कार्यक्रम सन्चालन खर्च सम्वन्धी व्यवस्था :

२९) यस कार्यविधि बमोजिम सन्चालन गरिने कार्यक्रमको सन्चालन खर्च व्यवस्थापनको लागि कार्यक्रम खर्चको वढीमा १० प्रतिशत रकम खर्च गरिनेछ । दश प्रतिशत मध्ये ५ प्रतिशत रकम सम्वन्धित सहकारीलाई र ५ प्रतिशत रकम गाउँपालिकाले खर्च गर्न सक्नेछ ।

३०) यसरी सहकारीलाई पठाउने पाँच प्रतिशत रकम पहिलो पटक पालिकाबाट पठाईने प्रत्येक कार्यक्रमको लागि एक पटक पठाईन्छ । सो पाँच प्रतिशत रकमबाट पछिल्लो समयमा सन्चालन गर्नु पर्ने कार्यक्रम सहकारीले निरन्तर रुपमा सन्चालन गर्नु पर्नेछ । कुनै पनि समयमा यस कार्यविधि बमोजिम सन्चालन गरिने कार्यक्रमको लागि कुनै किसिमको शुल्क लिन पाईने छैन ।

३१) यस कार्यविधि बमोजिम कार्यक्रम सन्चालन गर्न सहकारीमा पठाईको रकम वा सम्वन्धित ऋणिले सहकारीलाई ऋण फिर्ता गरेको रकम अन्य कुनै कार्यमा खर्च गर्न पाईने छैन । त्यसरी खर्च गरेमा खर्च गर्नेबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ । यस्तो रकम अन्यत्र खर्च गर्न निर्णय गरेको पाइएमा निर्णय गर्नेहरुमध्ये बाट र निर्णय नै नगरी खर्च गरेमा त्यस्तो खर्चको लेखा राख्ने , खर्च गर्ने र खाता सन्चालकहरु मध्येबाट दामासाहिले सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

## परिच्छेद ८
## लेखा परीक्षण सम्वन्धी व्यवस्था :

३२) गाउँपालिकाबाट पहिलो पटक सहकारीमा पठाईने रकमको लेखा परीक्षण सहकारीले पठाएको सक्कल फाईलको आधारमा गाउँपालिकाले गराउनेछ तर त्यस्तो रकमको सहकारीले पनि प्रचलित नियमानुसार लेखा परीक्षण गराउनु पर्नेछ । त्यस पछि सहकारीले नियमित रुपमा लगानी गरेको यस किसिमको रकमको लेखा परीक्षण नियमानुसार सहकारीले नै गर्नु पर्ने र त्यसको प्रतिबेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

३२.२) यस कार्यविधि बमोजिम सन्चालन भएको कार्यक्रमको सहकारीले राखेको लेखाको पालिकाले समय समयमा निरीक्षण गर्नु / गराउनु पर्ने छ ।

### परिच्छेद ८
### विविध

३३) यस कार्यविधि बमोजिम कुनै कार्यक्रम सन्चालनमा तत्काल कुनै समस्या वा बाधा अवरोध आएका समितिले त्यस्तो बाधा अड्काउ फुकाउने अधिकारको प्रयोग गर्न सक्नेछ ।

३४) यस कार्यविधिमा लेखिएको वाहेक अन्य कुराहरु समितिले गरेको निर्णय बमोजिम हुनेछ ।

३५) यस कार्यविधि बमोजिम लगानी भएको सरकारी रकमको सुरक्षित , संरक्षित र व्यवस्थित रुपमा परिचालन गर्नु सम्वन्धित सहकारीका सन्चालकहरुको हुनेछ । यस्तो रकम अपचलन भएमा वा मासिए वा नासिएमा त्यस्ता सन्चालकहरुबाट सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

३६) यस कार्यविधि बमोजिम लगानी हुने रकमको संरक्षण गर्न समितिले सो सँग सम्वन्धित आवश्यक जुनसुकै निर्णय लिन , सम्वन्धित सहकारी संस्था र सम्वन्धित व्यक्ति वा अन्य सम्वन्धित निकायलाई आवश्यक अनुरोध गर्न , निर्देशन दिन वा आदेश दिन सक्नेछ ।

३७) यस कार्यविधिमा लेखिएको कुरा नेपालको अन्य कुनै संघीय वा प्रदेश कानून सँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

३८) यस कार्यविधि बमोजिम सहकारी संस्थाहरुले सन्चालन गर्ने कार्यक्रमको हिसाव किताव अलग्गै र प्रष्टसँग राख्नु पर्ने छ ।

३९) समय समयमा पालिकाले सम्वन्धित निबेदक र सहकारी संस्थाका पदाधिकारीबीच आवश्यक अन्तक्रिया र छलफल चलाउन सक्नेछ ।

४०) यस कार्यविधि बमोजिम सन्चालन गरिने कार्यक्रम मध्ये दफा ५ को उफा दफा १ र २ बमोजिम प्राप्त हुने फाईलमा संलग्न विल भर्पाइमा नियमानुसार लाग्ने कर रकमहरु कट्टी गरी बाँकी रकम भुक्तानी गरिनेछ तर सो दफा ५ को उप दफा ३ बमोजिम प्राप्त भएको फाईलमा संलग्न कागजात वा विल भपाई कुनै पनि किसिमको कर रकम कट्टी गरिने छैन । सो फाईल अनुसार जति रकम ऋण लगानी भएको छ , त्यति नै रकम ऋणीले सहकारीलाई फिर्ता गर्नु पर्ने भएकोले निजले पेश गरेको फाइलमा संलग्न कागजातमा कुनै कर रकम कट्टी गरिने छैन ।

४१) यस कार्यविधि बमोजिम समितिले के कस्ता रकम र कार्यक्रमहरु सन्चालन गर्ने भन्ने विषयमा आवश्यक निर्णय गर्न सक्नेछ ।

## अनुसुची १
## दफा १६ सँग सन्वन्धित
## सहकारी संस्था र पालिका वीच हुने सम्झौता पत्र

लिखितम् सिन्धुपाल्चोक जिल्ला पाँचपोखरी थाङ्पाल गाउँपालिका ( यस पछि पहिलो पक्ष भनिएको ) र सिन्धुपाल्चोक जिल्ला पाँचपोखरी थाङपाल गाउँपालिकाको वडा नं. …… मा रहेको दर्ता नं. ……….. / दर्ता मिति भएको …………………………………………………………… सहकारी संस्था लिमिटेड ( यस पछि दोस्रो पक्ष भनिएको ) बीच तपसिलमा उल्लेख भए बमोजिमको कार्यक्रमहरु सन्चालन गर्न तपसिल बमोजिमका शर्तहरु मान्य हुने गरी यो सम्झौता पत्रमा सहीछाप गरेका छौ ।

## पहिलो पक्षले पालना गर्नु पर्ने शर्तहरु :

१. यस सम्झौता पत्रमा उल्लेख भए बमोजिमका कार्यक्रमहरु यसमा उल्लेख भएका निबेदकहरु सँग सहकारी संस्थाको प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गरी कार्यसम्पन्नको सक्कलै फाईल प्रथम पक्ष समक्ष पेश भए पछि प्रथम पक्षले सो बरावरको रकम दोस्रो पक्षको बैक खातामा जम्मा हुने गरी भुक्तानी दिने छ ।

२. प्रथम पक्षले फाईलमा संलग्न कागजहरु मध्ये कुनै अपुग भए सो कागजात माग गर्न सक्ने छ ।

३. दोस्रो पक्षलाई कार्यक्रम सन्चालन खर्चको भुक्तानी प्रत्येक कार्यक्रमको रकम भुक्तानी गर्दा सँगै गर्नेछ ।

## दोस्रो पक्षले पालना गर्नु पर्ने शर्तहरु :

१. यस सम्झौता पत्र बमोजिम कार्यक्रम सन्चालनको लागि पठाइने रकमको पूर्ण सुरक्षाको प्रत्याभूति दिनु पर्नेछ । यो रकम घट्ने / नासिने वा मासिने छैन । लगानी फिर्ता गर्ने समय अवधि समाप्त भए पछि सो रकम दोस्रो पक्षसँग छ भन्ने कुरा प्रथम पक्षले ठान्नेछ ।

२ सन्चालन भएको कार्यक्रमको नियमित अनुगमन गर्नु / गराउनु पर्नेछ ।

३. यस सम्झौता पत्रमा तोकिए बमोजिमका कार्यक्रमहरु सम्पन्न गराई चालु आ.व. ०७७/०७८ को ज्येष्ठ १५ गते भित्र सवै रकम भुक्तानी लगिसक्नु पर्ने छ ।

४. यस कार्यक्रम सन्चालन हुँदाका वखत रहेका यस सहकारी संस्थाका सवै पदाधिकारीहरु व्यक्तिगत रुपमा र सहकारी संस्था संस्थागत रुपमा कार्यक्रम प्रति जिम्मेबार रहने छन् । यस कार्यविधि बमोजिम कार्यक्रम सन्चालन गर्न दोस्रो पक्षलाई प्राप्त भएको रकमको कुनै कारणले दुरुपयोग भएमा वा ऋण वापत प्रदान गरिएको रकम सुरक्षित नभएमा सो बरावरको रकम दोस्रो पक्षको संस्थागत र व्यक्तिगत रुपमा जिम्मेवार रहेका पक्षहरुबाट सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

**विशेष प्राथामिकता प्राप्त कार्यक्रमहरु :**

| सि.नं | निबेदकको नाम थर | ठेगाना | व्यावशाय दर्ता नं | कार्यक्रमको नाम | रकम | सन्चालन खर्च | कार्यक्रम वापत पाउने रकम | नियमानुसार कटटी भएको / हुने रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

**कल्याणकारी कार्यक्रमहरु कार्यक्रमहरु :**

| सि.नं | निबेदकको नाम थर | ठेगाना | व्यावशाय दर्ता नं | कार्यक्रमको नाम | रकम | सन्चालन खर्च | कार्यक्रम वापत पाउने रकम | नियमानुसार कटटी भएको / हुने रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

**चक्रिय रुपमा पूजी परिचालन (ऋण लगानी अन्तर्गतका ) बमोजिमका कार्यक्रमहरु :**

| सि.नं | निबेदकको नाम थर | ठेगाना | व्यावशाय दर्ता नं | कार्यक्रमको नाम | रकम | सन्चालन खर्च | कार्यक्रम वापत पाउने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

दोस्रो पक्षको तर्फबाट :
श्री ……………………
अध्यक्ष , ……सहकारी संस्था
सही :

पहिलो पक्षको तर्फबाट :
श्री ………………
गाउँपालिका अध्यक्ष
सही :

**ईति सम्वत् २०……साल …….महिना ……गते रोज …….शुभम् ।**

## अनुसुची २
## सहकारी संस्थाले दफा ५ को उपदफा १ र २ बमोजिमको कार्यक्रम सन्चालन गर्दा सम्वन्धित सहकारीसँग गर्ने लिखत्को नमूना

## अनुसुची ३
## सहकारी संस्थाले दफा ५ को उपदफा ३ बमोजिमको कार्यक्रम सन्चालन गर्दा सम्वन्धित सहकारीसँग गर्ने लिखत्को नमूना

NARMIN